**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

BROADCAST: 1840 Hrs DATED: 05.02.2026

**जन्मदिनः शुभकामना**

सिक्किमका राज्यपाल ओम प्रकाश माथुरले सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङलाई जन्मदिनको हार्दिक शुभकामना व्यक्त गर्दै उहाँको सुस्वास्थ्य र दीर्घायुको कामना गर्नुभयो।

मुख्यमन्त्रीले यसरी नै जनमानसको हितलाई प्राथमिकता दिँदै राज्यको विकासमा पूर्ण ऊर्जाका साथ प्रयासरत रहनुहुनेछ भनि श्री माथुरले विश्वास व्यक्त गर्नुभयो ।

**ब्ल्याक क्याट डिभिजनका जनरल अफिसर कमान्डिङ मेजर जनरल एम. एस. राठौरले सिक्किमका राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभयो**

सिक्किमको लोक भवनमा, ब्ल्याक क्याट डिभिजनका जनरल अफिसर कमान्डिङ मेजर जनरल एम.एस. राठौरले सिक्किमका राज्यपाल ओम प्रकाश माथुरसँग शिष्टाचार भेट गर्नुभएको छ। यस अवसरमा, मेजर जनरल राठौरले भारतीय सेना, राज्य सरकार र निजी क्षेत्रसँगको सहकार्यमा राज्यपालको निर्देशनमा सञ्चालित विभिन्न परियोजनाहरूको बारेमा जानकारी प्रदान गर्नुभयो। उहाँले प्रेरणा स्थलको विकास, जनरल सगत सिंह स्मारक, नाथुला-चोला पर्यटकीय स्थल, बाबा हरभजन सिंह मन्दिर, र सुधारिएको पर्यटकीय सुविधाहरू सहित महत्त्वपूर्ण परियोजनाहरूको प्रगतिको बारेमा जानकारी प्रदान गर्नुभयो। मेजर जनरल राठौरले डिसेम्बर र जनवरीको उत्तरार्धमा पर्यटक आगमनमा उल्लेखनीय वृद्धि भएको जानकारी पनि दिनुभयो। राज्यपाल माथुरले यी प्रयासहरूको लागि भारतीय सेनाको प्रशंसा गर्नुभयो।

**भुटान उद्योग तथा वाणिज्य संघ सिक्किम भ्रमणमा**

भुटान उद्योग तथा वाणिज्य संघ (BCCI) ले यस क्षेत्रमा व्यापार र वाणिज्यलाई सुदृढ पार्ने उद्देश्यले सहकार्य र पारस्परिक ज्ञान आदानप्रदानका सम्भावित अवसरहरूबारे छलफल गर्नका लागि वरिष्ठ अधिकारीहरूसँग भेट गर्न सिक्किमको आधिकारिक भ्रमण गरेको थियो। प्रतिनिधिमण्डलको नेतृत्व BCCI का अध्यक्ष श्री Tandy वाङ्चुकले गरेका थिए। भ्रमणको क्रममा, प्रतिनिधिहरूले सिक्किम सरकारको वाणिज्य तथा उद्योग विभागकी सचिव कर्मा डी. युत्सोसँग छलफल गरेका थिए। बैठक सोमबार सहयोगका लागि अवसरहरू खोजी गर्ने, उत्कृष्ट अभ्यासहरू साझा गर्ने र औद्योगिक विकास, प्राथमिकता क्षेत्रहरूमा लगानी, MSME वृद्धि र बजार सम्बन्ध विकास गर्ने पारस्परिक हितक क्षोलक पहिचान गर्ने कुरामा बैठक केन्द्रित थियो।

## पाकिममा भारतीय अर्किड महोत्सव 2026 को तयारी बैठक सम्पन्न

आगामी भारतीय अर्किड महोत्सव 2026 को तयारी र अन्तरक्रिया बैठक, हिजो पकिमस्थित ICAR र राष्ट्रीय अर्किड अनुसन्धान केन्द्र INRCO को सम्मेलन हलमा आयोजना गरिएको थियो। "सौन्दर्य र समृद्धिका लागि अर्किड" भन्ने विषयवस्तुमा आधारित भारतीय अर्किड महोत्सव 2026, 7 देखि 10 मार्च सम्म आयोजना हुने तय गरिएको छ। प्रस्तावित कार्यक्रमहरूमा राष्ट्रिय स्तरको अर्किड प्रदर्शनी-एवम्-प्रतियोगिता, संस्थान-उद्योग-सरोकारवालाहरूको बैठक, विचारमंथन सत्रहरू, जागरूकता अभियानहरू, अर्किड उत्पादकहरूको बैठक र मेगा अर्किड रोपण सामग्री प्रसार कार्यक्रम समावेश छन्।

## आरोग्य दाहालले राज्य र राष्ट्रलाई फेरि गौरव दिलाए: रेसिङ मोटरस्पोर्ट्र्समा लगातार छैटौं अन्तर्राष्ट्रिय पदक जिते

रेनोक, तारपिनका प्रतिभाशाली रेसिङ चालक आरोग्य दाहालले रेसिङ मोटरस्पोर्ट्समा लगातार छैठौ अन्तर्राष्ट्रिय पदक जितेर राज्य र राष्ट्रलाई फेरि गौरव दिलाएका छन् । यो प्रतिष्ठित दौड विश्व सुपर कप (4T रेस कार्ट) च्याम्पियनसिपको भागको रूपमा 26 जनवरी 2026 मा मलेशियाको सेपाङमा आयोजना गरिएको थियो। च्याम्पियनशिपमा 20 एशियाली देशहरूको सहभागिता देखियो, जसले गर्दा यो एक उच्च प्रतिस्पर्धात्मक अन्तर्राष्ट्रिय कार्यक्रम बन्यो। असाधारण सीप, दृढ संकल्प र स्थिरता प्रदर्शन गर्दै, आरोग्य दाहालले च्याम्पियनशिपमा दोस्रो उपविजेता बने। यो उनको उल्लेखनीय उपलब्धिले अन्तर्राष्ट्रिय मोटरस्पोर्टसमा उनको बढ्दो प्रतिष्ठालाई उजागर गर्दछ र खेलप्रतिको उनको समर्पणलाई देखाउदछ।

## पाकिम लाई नयाँ एम्बुलेन्स प्रदान गरियो

पाकिमका जिल्लापाल, रोहन अगावानेले आज पाकिमको जिल्ला प्रशासनिक केन्द्र मा राष्ट्रिय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड NHIDCL को कर्पोरेट सामाजिक उत्तरदायित्व पहल अन्तर्गत पाकिम प्राथमिक स्वास्थ्य केन्द्र को लागि आधारभूत जीवन समर्थन एम्बुलेन्स प्राप्त गर्नुभयो। एम्बुलेन्स औपचारिक रूपमा NHIDCL का कार्यकारी निर्देशक अशोक कुमार साहाले जिल्लापाललाई एम्बुलेंस हस्तान्तरण गर्नुभयो।